कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित भई बीमा ऐन, २०७९ बमोजिम सञ्चालित

गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड

GUARDIAN MICRO LIFE INSURANCE LIMITED

रजिष्टर्ड ठेगानाः- विराटनगर महानगरपालिका, मुनालपथ, मोरङ्ग, नेपाल

फोन नं.: ४७७-०२१-५४०४०२, वेवसाइट: www.gmli.com.np | **इमेल:** info@gmli.com.np

विशेष साधारणसभा सम्बन्धि सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८३।०७।२० आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित)

आदरणीय शेयरधनी महानुभावहरु,

यस गार्डियन माइक्रो लाईफ इन्स्योरेन्स लिमिटेडको मिति २०८३।०७।१५ गते बसेको ६८ औ सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्नका लागि बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अतः यसै सूचनालाई आधार मानी उक्त विशेष साधारण सभामा सम्पूर्ण शेयरधनीहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

विशेष साधारणसभा हुने मिति, समय र स्थान

मितिः- २०८३ साल मंसिर ३ गते बिहीबार (१९ नोभेम्बर, २०२६)

स्थानः- होटेल एअरपोर्ट, बिराटनगर मोरङ

समयः- दिउँसो १ बजे

विशेष साधारण सभाको प्रस्तावहरु

१. संस्थापक (Promotor) समुहका शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी ४ जना सञ्चालकको निर्वाचन गर्ने ।

२. सर्वसाधारण (Public) शेयरधनीहरु तर्फको रिक्त १ सञ्चालकको निर्वाचन गर्ने ।

३. विविध ।

आज्ञाले

कम्पनी सचिव

विशेष साधारण सभा सम्बन्धि जानकारी

१. शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने आधिकारिक परिचयपत्र वा शेयरधनी प्रमाणपत्र लिई आउन अनुरोध गरिन्छ ।

२. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि (प्रोक्सी) फारम सभा हुने दिन भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराई सक्नु पर्नेछ । एक जना शेयरधनीले एक जना भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबैभन्दा पहिला कम्पनीमा दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि प्रतिनिधि (प्रोक्सी) बदर नगरी कुनै शेयरधनीले सभामा भाग लिन चाहेमा भाग लिन सक्नु हुनेछ तर मतदान गर्न पाउनु हुने छैन ।

३. विशेष साधारण सभा प्रयोजनका लागि मिति २०८३।७।२७ गते एक दिनको लागि शेयर दा.खा. बन्द रहनेछ र नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०८३।७।२० गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम कायम शेयरधनीहरुले उक्त विशेष साधारण सभामा भाग लिन तथा निर्वाचनमा मतदान गर्न पाउनेछन् ।

४. हाजिर पुस्तिका बिहान १० बजे देखि उपलब्ध रहनेछ ।

५. सभा सम्बन्धि अन्य बिस्तृत जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय मुनालपथ-७, बिराटनगर मोरङमा वा प्रादेशिक कार्यालय, सानो गौचरन, काठमाडौंमा वा फोन नम्बर ०१-५९१८०१७/१८ मा कार्यालय समय भित्र सम्पर्क गर्न सक्नुहुनेछ ।

६. निर्वाचन कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिमको स्थानमा हुनेछ र निर्वाचन कार्यक्रम तालिका मिति २०८३।०७।२० गते कम्पनीको website: www.gmli.com.np मा प्रकाशन गरिनेछ । थप जानकारीका लागि निर्वाचन अधिकृतको कार्यालय, कम्पनीको प्रादेशिक कार्यालय काठमाडौंमा सम्पर्क गर्न सक्नुहुनेछ ।